# कृषि विकास रणनीति (एडियस) सयुंक्त क्षेत्रगत समीक्षा (जेयसआर)
# संक्षिप्त जानकारी

## पृष्ठभूमि

नेपाल सरकारले विकास साझेदारहरूको प्राविधिक सहयोगमा तयार गरेको कृषि विकास रणनीति २०७२ को कार्यान्वयनमा समेत विकास साझेदारहरू संगको निकट समन्वय र आपसी जवाफदेहिता सुनिश्चित गरी अपेक्षित उपलब्धि हासिल गर्नका लागि एक संयुक्तसंयन्त्रको आवश्यकता महसुस गरी कृषि तथा पशुपन्छी विकास मन्त्रालयले नोभेम्वर २०१७ मा कृषि विकास रणनीति (एडियस) संयुक्त क्षेत्रगत समिक्षा (जेयसआर) संयन्त्रको अवधारणा अनुमोदन गरेको हो ।

## उद्देश्य

एडियस-जेयसआरले एडियसको सफल कार्यान्वयनका लागि आवश्यक निर्णयहरू गर्न सहयोगी संयन्त्रका रूपमा कार्य गर्दछ । यस संयन्त्रले एडियसका लक्ष्यहरूलाई केन्द्रमा राखी समग्र कृषि क्षेत्रका लक्ष्य र उपलब्धिहरूको तुलनात्मक समीक्षा गर्न सहयोग गर्दछ। यसका साथै एडियस-जेयसआरले कृषि तथा पशुपन्छी विकास मन्त्रालय र विकास साझेदार संस्थाहरूलाई नियमित रूपमा आफ्ना कार्यक्रमहरूको संयुक्त रूपमा छलफल गर्न मञ्च उपलब्ध गराउनुका साथै आइपरेका सवाल र चासोहरूलाई समेत सम्बोधन गरी एडियस कार्यान्वयनका लागि आपसी जवाफदेहिता अभिवृद्धि र उपलब्ध श्रोतसाधनहरूको परिचालनमा सामन्जस्यता कायम गर्न योगदान पुर्याउछ । एडियस-जेयसआरको विस्तृत उद्देश्य कृषि क्षेत्रसँग सम्बन्धित नीति, कार्यक्रम र समग्र कार्यसम्पादनको समीक्षा गरी कृषि क्षेत्रको उत्पादकत्व वृद्धि तथा कार्यसम्पादनको प्रभावकारिता अभिवृद्धिका लागि सिफारिस गर्नु हो ।



फोटो क्रेडिट: USAIDको लागि रोबिक उपाध्याय

यसका विस्तृत उद्देश्यहरु देहाय बमोजिम रहेका छन्:

- एडियस कार्यान्वयनका लागि नेपाल सरकार र विकास साझेदारहरु बीच संवाद र समन्वयका लागि उपयुक्त मञ्च उपलब्ध गराउने।
- संयुक्त प्राथमिकता निर्धारण, प्रभावकारी श्रोत परिचालन, नतिजामुखी व्यवस्थापनको अवलम्बन, नियमित अनुगमन तथा प्रगति एवम् उपलब्धीहरूको प्रतिवेदन सम्प्रेषण गरी एडियसको सफल कार्यान्वयनका लागि सहयोग पुर्याउने ।

## संरचना तथा जिम्मेवारी

एडियसले परिकल्पना गरे अनुसार माननीय कृषि मन्त्रीज्यूको अध्यक्षता रहने राष्ट्रिय कृषि विकास रणनीति कार्यान्वयन समितिको बृहत् संरचनागत खाका अन्तर्गत एडियस-जेयसआरको अवधारणा स्थापित भएको हो । एडियस-जेयसआरको बैठक वर्षको एक पटक बस्दछ र जेयसआर समिति र जेयसआर प्राविधिक समिति मार्फत् कार्यान्वयन हुने गर्दछ।

जेयसआर समितिको बैठक कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिवको अध्यक्षतामा समग्र कृषि क्षेत्रको अवस्था तथा उपलब्धी एवम् कार्यसम्पादनको समीक्षा गर्न वर्षको दुई पटक बस्ने गर्दछ। यस समितिमा कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिवहरू तथा महानिर्देशनालय र केन्द्रका प्रमुखहरू, सम्बन्धित विषयगत मन्त्रालयका सहसचिवहरू तथा विकास साझेदार निकायहरूका प्रतिनिधिहरू सदस्यको रूपमा रहने गर्दछन्।

प्राविधिक समिति बैठकमा उठेका विभिन्न सवालहरू तथा सिफारिस गरिएका विषयहरू थप विश्लेषण, प्राथमिकीकरण तथा अनुमोदनका लागि जेयसआर समितिमा सिफारिस गरिन्छ। जेयसआर प्राविधिक समितिबाट अनुमोदन भएका सवाल तथा विषयहरू एडियस-जेयसआर वार्षिक बैठकमा एजेण्डाको रूपमा प्रस्तुत भई छलफल, उच्चस्तरीय अनुमोदन र कार्यान्वयनका लागि पेश हुने गर्दछ।

जेयसआर प्राविधिक समितिको बैठक कृषि तथा पशुपन्छी विकास मन्त्रालयको योजना तथा विकास सहायता समन्वय महाशाखाका सहसचिवको अध्यक्षतामा प्रत्येक दुई महिनामा एक पटक बस्ने गर्दछ। मन्त्रालयको सम्बन्धित शाखा प्रमुखहरू तथा विकास साझेदार प्रतिनिधिहरू यस समितिको सदस्यको रूपमा रहने व्यवस्था छ।



फोटो क्रेडिट: USAIDको लागि रोबिक उपाध्याय

जेयसआर प्राविधिक समितिद्वारा स्वीकृत कार्य प्रणाली र उपलब्ध सूचनाको आधारमा नीतिगत तथा प्रक्रियागत सवालहरूको पहिचान गर्दछ। यी सवालहरूमा विशेषत: नीति कार्यान्वयनका लागि सबल संस्थागत वातावरण निर्माण, अपेक्षित प्रतिफल हासिल गर्न सुधारका क्षेत्रहरु, संवेदनशील प्रक्रियागत सवालहरू तथा समन्वय संयन्त्रहरूको प्रभावकारिता, एडियस कार्यान्यवनको विद्यमान अवस्था तथा आगामी बाटो आदि समेटिने गर्दछन् । जेयसआ र वार्षिक बैठक संचालन गर्नुपूर्व जेयसआर प्राविधिक समितिले देहायका कार्यहरू गर्दछ:

- एडियस-जेयसआरको वार्षिक बैठकका लागि एजेण्डा तथा विषयहरू पहिचान गरी अन्तिम रूप दिने,
- पहिचान भएका विषयहरूका सम्बन्धमा विवरण संकलन तथा संश्लेषण गर्न आवश्यक कार्यदल गठनका लागि सिफारिस तथा सहजिकरण गर्ने,
- समीक्षा प्रयोजनका लागि सूचक तथा लक्ष्यहरू निर्धारण गर्ने,

- तथ्याङ्क संकलन तथा संश्लेषणका लागि जनशक्ति तथा आर्थिक श्रोत परिचालन गर्ने (यसका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालय लगायत विकास साझेदारहरूबाट आवश्यकता अनुसार सहयोग हुने), र
- स्थलगत निरीक्षण/भ्रमण, कार्यशाला गोष्ठी, बैठक संचालनका लागि आवश्यक प्रवन्ध मिलाउने ।

दुवै समितिहरूको सह-अध्यक्षता एडियस दस्तावेज तयारीका साथै कार्यान्वयनमा सहयोग पुर्याइ रहेका खाद्य सुरक्षा समूहका सदस्य रहेका विकास साझेदारहरूले आलोपालो पद्धतीमा गर्ने व्यवस्था रहेको छ ।

### हालसम्मको प्रगति विवरण

वार्षिक एडियस-जेयसआर बैठकले सरकार, विकास साझेदार एवं सम्बन्धित सरोकारवालाहरूलाई समग्र कृषि क्षेत्रको सुधारका लागि कार्यान्वयनयोग्य सिफारिसहरू उपलब्ध गराउँदछ । अप्रिल २०१९ मा सम्पन्न पहिलो एडियस-जेयसआर बैठकले निम्न अनुसारका ३ वटा विषयवस्तुहरू समेटेको थियोः (क) संघीय प्रणाली अनुसार एडियसको कार्यान्वयन, (ख) संघीय प्रणालीमा कृषि विकास कार्यक्रमको तर्जुमा र (ग) प्रगति अनुगमन र प्रतिवेदतयार गर्ने राष्ट्रिय संयन्त्रको स्थापना ।

सातै प्रदेशका प्रादेशिक कृषिमन्त्रालय र स्थानीय तहहरूमा बृहत्तर रूपमा एडियस सम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन भएको थियो। उक्त कार्यक्रमले एडियसका परिणाम, प्रतिफल एंव सूचकहरूलाई योगदान पुग्ने गरी कार्यक्रम तथा योजनाहरू तर्जुमाका लागि यी निकायहरूको क्षमता विकास गर्यो । कोभिडको विषम परिस्थिति र यसबाट देशव्यापी रूपमा भएको बन्दाबन्दीका कारण गतवर्ष एडियसको कार्यान्वयन, समन्वय एवं अनुगमन संयन्त्रले प्रभावकारी रुपमा काम गर्न नसकेता पनि उक्त कार्यहरू अनलाइनमा आधारित तथ्याङ्क प्रणालीको रूपमा सञ्चालन गरिएको थियो । पहिलो वार्षिक जेयसआर बैठकको सिफारिसका आधारमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना, र किसान-२ गरी तीनवटा कृषि परियोजनाहरुको एडियससंगको तादम्यता सम्बन्धमा गरिएको मूल्याङ्कनमा यी परियोजनाहरूको केहि हदसम्म एडियसका लक्ष्यहरुसंग तादम्यता रहेको पाइयो । यद्यपी तीनवटै आयोजनाहरूले आफ्ना कार्यक्रमहरूलाई एडियससंग अझ बढी तादम्य राख्ने र यसको प्रत्यक्ष रूपमा अनुगमन, मापन एवं प्रतिवेदनका लागि उपयुक्त संयन्त्र तय गर्नुपर्ने देखियो ।

दोस्रो वार्षिक प्रतिवेदन जुन २०२० मा प्रकाशित भएको थियो, जसमा देशको कृषि क्षेत्रको पञ्चवर्षीय कार्यान्वयन योजना र प्रगति सूचकहरुको प्रवृत्ति र प्रभावहरु मूल्याङ्कन गरिएको थियो । प्रतिवेदनले सरकार, विकास साझेदारहरु र सम्बन्धित सरोकारवालाहरुलाई संयुक्त रुपमा कृषि क्षेत्रको कार्यसम्पादन सुधारका लागि आवश्यक कदमहरु चाल्न कार्यान्वयन योग्य सुझावहरु पनि प्रदान गरेको थियो ।

राष्ट्रिय एडियस कार्यान्वयन समिति अन्तर्गत कृषि तथा पशुपन्छी विकास मन्त्रालयका माननीय मन्त्रीज्यूको अध्यक्षतामा दोस्रो वार्षिक बैठक ११ र १७ फेबरअरी र ४ मार्च २०२१ मा भर्चुअल माध्यमवाट सम्पन्न भएको थियो । उक्त बैठकमा छलफल भै तयार कार्ययोजनालाई अप्रिल २०२१ मा मन्त्रालयबाट अनुमोदन पश्चात प्रदेश कृषिमन्त्रालयहरूले वार्षिक कार्यक्रममा समावेश गर्ने र विकास साझेदारहरूसंगको संयुक्त वित्तीय सहयोगमा कार्यान्वयन गर्ने गरी राष्ट्रिय प्राथमिक कार्यक्रमको रुपमा रुपान्तरण गरियो । वार्षिक कार्यक्रमहरुः (क) संघीय परिवेशमा कृषि क्षेत्रको उपयुक्त नीतिगत वातावरण तयारीका लागि राष्ट्रिय महत्त्वका नीति/निर्देशिकाहरू उपर शृंखलावद्ध रूपमा प्रादेशिक र स्थानीय तहमा परामर्शका कार्यक्रमहरू सञ्चालन, (ख) खाद्यान्न बालीमा आत्मनिर्भरताका लागि मसिनो चामल र औद्योगिक मकैका साथै निर्यात प्रवर्द्धनका लागि चिया र अलैंची जस्ता उच्च राष्ट्रिय प्राथमिकताका कृषि उपजहरू उत्पादन प्रवर्द्धनका कार्यक्रमहरू कार्यान्वयन ।

तेस्रो वार्षिक जेयसआर जनवरी २०२२ मा सम्पन्न भयो र यसको प्रतिवेदन प्रकाशनको चरणमा छ। यस अनुसार एडियसका १६ वटा सूचकको अवस्था आ.व. २०१८/१९ मा जस्तै १२ वटा सूचकहरू लक्ष्य उन्मुख र खाद्यान्नमा आत्मनिर्भरता, व्यापार सन्तलुन, सिंचित क्षेत्रफलमा वृद्धि तथा कृषि उत्पादकत्व लगायत चार वटा सूचकहरु भने लक्ष्य भन्दा पछाडि रहेको पाइयो ।

जेयसआर संयन्त्र र वार्षिक क्षेत्रगत समीक्षालाई सरकारी प्रणालीमा संस्थागत गर्दै लैजाने प्रयास स्वरूप तेस्रो वार्षिक समीक्षाको नेपाली अनुवादित संक्षिप्त प्रतिवेदन कृषि तथा पशुपन्छी विकास मन्त्रालयको आ.व. २०७७/७८ को वार्षिक प्रगति प्रतिवेदन पुस्तिकामा छुट्टै भागको रुपमा समावेश गरिएको छ ।

### अबको बाटो

तेस्रो वार्षिक जेयसआर बैठक जुन २०२२ मा आयोजना हुनेछ । उक्त वैठकमा सहमती भएका विषयहरू सरकार एवं विकास साझेदारहरूको आगामी वर्षको वार्षिक कार्यक्रममा समावेश गरी प्राविधिक समितिका बैठकहरूमा समीक्षा एवं प्रतिवेदित गरिनेछ । सन्दर्भ सामग्रीका साथै भविष्यमा जेयसआर कार्यान्वयन सहजीकरणका लागि मन्त्रालयले जेयसआर कार्यान्वयन निर्देशिका तयार गर्नेछ ।


**विस्तृत जानकारीको लागि सम्पर्कः**

डा. प्रद्युम्नराज पाण्डे
प्रमुख, कृषि विकास रणनीति समन्वय शाखा
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सम्पर्क नं.: ९८५११२५५५४
इमेलः pandeypr08@yahoo.com

श्री गोविन्द प्रसाद ज्ञवाली
एडियस-जेयसआर समन्वय विशेषज्ञ
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सम्पर्क नं.: ९८५१०८२७८७
इमेलः Govinda.Gewali@winrock.org



**डिस्क्लेमर**
यो सामाग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) मार्फत अमेरिकी जनताहरूको सहयोगका कारण सम्भव भएको हो । यस सामाग्री भित्रका विषयवस्तु कृषि तथा पशुपन्छी विकास मन्त्रालय, विनरक ईन्टरनेशनल, किसान २ परियोजना र युरोपियन युनियनको टेक्निकल कोपरेसन फ्यासिलिटिका एकल जिम्मेवारी हुन् र तिनले युएसएआइडी वा अमेरिकी सरकारको विचारको प्रतिविम्बित गर्छन् भन्ने जरूरी छैन ।



**प्रिन्टिङ्ग तथा प्रकाशनका प्रायोजकः**
युएसएआइडीको फिड द फिउचर ज्ञानमा आधारित एकीकृत दिगो कृषि परियोजना (किसान २), नेपाल